सर्वोच्च अदालत, वृहद पूर्ण इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

माननीय न्यायाधीश श्री सारदा प्रसाद घिमिरे

माननीय न्यायाधीश श्री मीरा खडका

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

# आदेश

०७३-WF-००२३(०७३-FN-०५९७)

विषयः उत्प्रेषण परमादेश समेत ।

नवराज सिलवाल -------------------------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत----------------------------------- विपक्षी

यसमा मिति २०७४।५।१५ को आदेशानुसार आज निर्णय सुनाउन पेश भएको प्रस्तुत रिट निवेदनमा यस अदालतबाट मिति २०७३।१२।८ मा भएको आदेशको प्रकरण नं. ३० मा उल्लेखित सबै भन्दा बढी अंक प्राप्त गर्ने निवेदक प्रहरी नायब महानिरिक्षक नवराज सिलवाल देखिएको भन्ने शब्द परे पनि के कसरी निजको नम्बर सबै भन्दा बढी हो भन्ने आधार र कारण उल्लेख भएको नदेखिएको र फैसलाको अन्तिम ठहर खण्डमा चार आ.ब. को कार्यसम्पादन मूल्याङ्कनको आधारमा सबै भन्दा बढी अंक प्राप्त गर्नेलाई प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्नु भनी भएको परमादेशको आदेशलाई पालना गर्दै नेपाल सरकारले निवेदक समेतका सम्भाव्य उम्मेदवारहरुको चार आ.ब. को अंक समेत गणना गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रहरी नायब महानिरिक्षक प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा मिति

२०७३।१२।२८ को नेपाल सरकारको निर्णय अनुसार नियुक्त गरेको देखिन्छ। आजै यसै इजलासबाट निवेदन संलग्न रहेका निवेदक समेतका सम्भाव्य उम्मेदवारहरुको आ.ब. २०६९/०७०, २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ को लोक सेवा आयोग समेतबाट प्राप्त भएको सक्कलै कार्यसम्पादन मूल्याङ्कन फारामहरुसमेत खोली हेरी अंक गणना गर्दा समेत सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रहरी नायब महानिरिक्षक प्रकाश अर्यालको अंक १५४.२०० र रिट निवेदक प्रहरी नायब महानिरिक्षक नवराज सिलवालको अंक १५२.४६७ देखिन आयो। अधिकार प्राप्त अधिकारीले उक्त अंक प्रदान गर्दा लिईएका आधारहरु हेर्दा जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता, आफु भन्दा मुनीको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य समेतका आधारमा मूल्याङ्कन गरेको पाइयो। उपरोक्त आधारहरु र प्रहरी नियमावली, २०७१ को नियम ४१ को कानूनी व्यवस्थासमेतलाई विचार गरी नेपाल सरकारले मिति २०७३।१२।२८ मा प्रहरी नायव महानिरीक्षक प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा गरेको बढुवा निर्णयमा संविधान कानून तथा प्रहरी नियमावली समेतको कुनै त्रुटी नभएकोले माग बमोजिमको आदेश जारी गरी निवेदक प्रहरी नायब महानिरिक्षक नवराज सिलवाललाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति दिनु भनी विपक्षीहरुको नाममा आदेश जारी गर्न मिल्ने आधार कारण नदेखिँदा निवेदन माग बमोजिमको आदेश जारी गर्नु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। अनिवार्य रुपमा पालना गर्नुपर्ने कार्यविधि र कार्यसम्पादन मूल्याङ्कन गणना समेतका विषयमा न्यायिक टिप्पणी सहितको प्रस्तुत आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त आदेश गरिदिएको छ।

न्यायाधीश   न्यायाधीश   न्यायाधीश   प्रधान न्यायाधीश

न्यायाधीश   न्यायाधीश   न्यायाधीश

इति संवत् २०७४ साल भाद्र २७ गते रोज ३ शुभम्--------------------।